मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ १२ गते सोमवार (Monday, May 25. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

मोडल केटिको बोल्ड अवतार : पृष्ठ ४



## ‘एकका लागि एक’ अभियानले दियो भीटीएम किट

तुलसीप्रसाद निरौला

**बिर्तामोड, जेठ ११।** झापाको सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा झापामा शुरु गरिएको ‘एकका लागि एक’ अभियानले तीन सय ४० थान भाइरल ट्रान्सपोर्ट मिडियम (भीटीएम) किट प्रदान गरेको छ ।

केही दिनअघि बिर्तामोडमा भएको ‘एकका लागि एक’ अभियानको बैठकले विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको परीक्षणमा सघाउ पुर्‍याउन भीटीएम किट खरिद गर्ने निर्णय गरेको थियो ।

सोही बैठकको निर्णय अनुसार तीन सय ४० थान भीटीएम किट खरिद गरी कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापालाई उपलब्ध गराइएको अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए । सुरुमा पाँच सय भीटीएम किट खरिद गर्ने योजना बनाए पनि कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापाको आग्रहपछि पहिलो चरणमा एक हजार किट खरिद गरिने उनले बताए ।



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

पहिलो चरणमा तीन सय ४० थान भीटीएम किट खरिद गरी कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापालाई उपलब्ध गराइएको र पछि पुनः छ सय ६० थान भीटीएम किट खरिद गरी उपलब्ध गराइने उनले जानकारी दिए । ‘एकका लागि एक’ अभियानका साझेदार संस्था वीरता जेसीजका अध्यक्ष तथा भीटीएम किट खरिद तथा हस्तान्तरण कार्यक्रमका संयोजक मिजास पोखरेलले झापाका प्रमुख जिल्ला अधिकारी उदयवहादुर रानामगरलाई तीन सय ४० थान भीटीएम किट हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगर, ‘एकका लागि एक’ अभियानका साझेदार संस्था नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल,

(बाँकी अन्तिम पृष्ठमा)

## झापाको छुट्टै डिजिटल पार्श्वचित्र



**बिर्तामोड, जेठ ११।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सुरुङ्गाबाट १७ किलोमिटर दक्षिणमा रहेको झापा गाउँपालिकाले डिजिटल पार्श्वचित्र तयार गरेको छ ।

आठ हजार २२ घर धुरी र ४१ हजार एक सय ३६ जनसंख्या रहेको झापा गाउँपालिकाका नागरिक प्रायः कृषिमा निर्भर छन् । कृषि क्षेत्रको दिगो विकाससहित सबै क्षेत्रलाई समेटेर तयार गरिएको डिजिटल पार्श्वचित्र गाउँपालिकाका अध्यक्ष जयनारायण साहलाई हस्तान्तरण गरिएको छ ।

बिर्तामोडस्थित एनएन फाउण्डेशन प्रालिको प्राविधिक सहयोगमा तयार गरिएको डिजिटल पार्श्वचित्र प्रालिका प्रवन्ध निर्देशक निरज निरौलाले गाउँपालिका अध्यक्ष साहलाई हस्तान्तरण गरे । एनएन फाउण्डेशनले नेपालका विभिन्न स्थानमा पुगेर बस्तुगत अध्ययन र अनुसन्धान गर्दै विगत तीन वर्षदेखि डिजिटल पार्श्वचित्र निर्माणमा स्थानीय तहलाई प्राविधिक सहयोग पुर्‍याउँदै आएको छ । झापामा मात्रै १० वटा स्थानीय तहको पार्श्वचित्र निर्माणमा प्राविधिक सहयोग गरेको फाउण्डेशनले झापा गाउँपालिकामा पछिल्लोपटक पार्श्वचित्र तयार गरेको हो । पार्श्वचित्र गाउँपालिकाका लागि श्रोत पुस्तक बन्न सक्ने र समग्र गाउँपालिकाको विकास निर्माणका योजना छनौट गर्दा यसले सहयोग पुर्‍याउने गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड- १९को संक्रमणले मुलुक दुई महिनादेखि

(बाँकी अन्तिम पृष्ठमा)

## कुटपिटबाट दुईको मृत्यु

**सप्तरी, जेठ ११।** सप्तरीको डाकनेश्वरी नगरपालिका-९ सखुवामा काठको चिर्पट प्रहारबाट एक जनाको मृत्यु भएको छ ।

घाइते डाकनेश्वरी नगरपालिका-९ सखुवाका ५५ वर्षीय सुखदेव मण्डलको उपचारको क्रममा न्यूरो अस्पताल विराटनगरमा मृत्यु भएको मृतकका परिवारले जानकारी दिएको छ । उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल भर्ना भएका मण्डलको उपचार हुन नसकेपछि बिराटनगर लगिएको थियो ।

डाकनेश्वरी नगरपालिका-९का वडाध्यक्ष कर्णदेव चौधरीले बाटोमा घर बनाएको विषयमा मेहता परिवार र मण्डल परिवारबीच भएको विवाद र झडपमा घाइते सुखदेव मण्डलको मृत्यु भएको बताए । पीडित परिवारले मुकेश महतो, फुरकुन भनिने देवेन्द्र महतो, शिवनारायण महतो, उमेश महतोलगायतले कुटपिट गरेको आरोप लगाएका छन् । मुकेशले नयाँ निर्माण गरिरहेको घर बाटोमा परेको भन्दै रोक्न गएपछि शुरु भएको विवादले उग्ररुप लिएको प्रत्यक्षदर्शीले बताए ।

शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ल्याइएको छ । कुटपिटबाट सुखदेव मण्डलको मृत्यु भएको लिखित उजुरी नआए पनि मौखिक जानकारी आएपछि आरोपितहरुको खोजीकार्य शुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायाब उपरीक्षक तिलक भारतीले बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

## ‘बजारमा औषधि अभाव हुँदैन’

**झापा, जेठ ११।** सरकारले बन्दाबन्दी गरेको दुई महिना बिते पनि अहिलेसम्म जटिल प्रकृतिका रोगका र सामान्य समस्याका औषधिको अभाव देखिएको छैन । केही महिनाका लागि औषधि मौज्दात रहेको र अहिले नियमित उत्पादन भइरहेकाले अभाव नहुने देखिएको छ ।

औषधि व्यवस्था विभागले बन्दाबन्दी शुरु हुनासाथ पाँच ६ महिनाका लागि औषधि रहेको जनाएको थियो । त्यही आधारमा बन्दाबन्दी दुई महिना बितेकाले अझै तीन चार महिनाका लागि औषधि बाँकी रहेको औषधि व्यवस्था विभागले जनाएको छ। त्यसो त भारतबाट आउने औषधि पनि आइरहेको छ भने स्वदेशी उत्पादकले पनि उत्पादन गरिरहेका छन् । विभागले अहिले कति औषधि मौजुदा अवस्थामा छ भनी अध्ययन गर्न लागेको सूचना अधिकारी सन्तोष केसीले बताए । उनले भने- महिना नै तोकेर यति समयका लागि औषधि छ भन्न नसकिए पनि अझै केही महिना समस्या नहुने देखिएको छ ।

बन्दाबन्दीपछि केही समय यातायातका कारण कतिपय स्थानमा औषधि ढुवानीमा समस्या देखिए पनि अहिले ढुवानी सहज बन्न थालेको उनले बताए । अहिले कुनै कुनै ठाउँमा केही कारण औषधि नपुगेको भए पनि समग्रमा देशभित्र औषधिको अभाव नरहेको विभागले जनाएको छ ।

सरकारले बन्दाबन्दी जारी राखिरहँदा औषधिको उत्पादन, आयात र ढुवानी गर्नेलाई पास उपलब्ध गराएको छ र ती सवारीलाई छुट दिइएको छ । नेपालमा विदेशबाट आउने औषधिमध्ये ८० प्रतिशत भारतबाटै आउने गरेको छ । भारतमा ‘लकडाउन’ हुनासाथको अवस्थामा १३ प्रकारका औषधि र कच्चा पदार्थ रोकिएकाले समस्या भएको थियो । अहिले भारतबाट आउने औषधि नियमित आएकाले समस्या नभएको उनले बताए । भारतमा यातायात सहज भएपछि औषधि आयात अझै सहज हुने देखिएको छ । उनले भने- भारतले उडान खुलाउँदा औषधि आयात गर्न अझै सजिलो हुनसक्छ ।

सरकारको केही वर्ष पहिलेको तथ्याङ्क अनुसार नेपालमा उपभोग हुने औषधिमध्ये ४५ प्रतिशत स्वदेशी उत्पादन र ५५ प्रतिशत आयात हुने गरेको छ । केही वर्ष पहिलेको यो आँकडालाई सरकार अद्यावधिक गर्न अध्ययन गरिरहेको सूचना अधिकारले केसीले बताए । अहिले स्वास्थ्य सेवा विभाग आफैंले पनि केही औषधि बोलपत्र गरेर खरिद प्रक्रिया अघि बढाएको छ ।

बन्दाबन्दी हुनु पहिले र हुनासाथ कतिपय नागरिकले औषधि अभाव हुनसक्ने भन्दै लामो अवधिका लागि खरिद गरेका थिए । नियमित औषधि सेवन गर्नेमध्ये धेरैले पहिले लामो अवधिका लागि औषधि खरिद गरिसकेकाले अहिले बजारका औषधिको व्यापार कम भएको छ। उनले भने- अहिले सामान्य मात्रामा मात्रै बिक्री रहेको पाइन्छ ।

स्वदेशी उत्पादकले बन्दाबन्दी पहिले ल्याएर बाँकी रहेको कच्चा पदार्थबाट औषधि उत्पादन गरिरहेका छन् । नेपालमा उत्पादन हुने औषधिको कच्चा पदार्थमध्ये धेरै चीनबाट आयात हुने गरेको छ । अहिले कच्चा पदार्थको मूल्य वृद्धि भएको स्वदेशी उत्पादकले भनिरहेका छन् । मूल्यवृद्धिका कारण कच्चा पदार्थ ल्याउन र उत्पादनमा समस्या हुनसक्छ भनी व्यवसायीले ध्यानाकर्षण गराएको उनले बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

## बालिकालाई करणी गरेको आरोपमा पक्राउ

**गौरीगञ्ज, जेठ ११।** बालिकालाई जबर्जस्ती करणी गरेको आरोपमा झापाको गौरीगञ्जबाट एक जना पक्राउ परेका छन् ।

गौरीगञ्ज-१ महाभाराकी अन्दाजी १४ वर्षीया बालिकामाथि जबर्जस्ती करणी गरेको आरोपमा स्थानीयवासी अन्दाजी ४५ वर्षीय श्रीप्रसाद झालाई प्रहरीले पक्राउ गरेको प्रहरी चौकी कुञ्जीबारीका इञ्चार्ज दीपक कँडेलले जानकारी दिए। पीडित बालिकाले घरमा जानकारी गराएपछि अभिभावकले इलाका प्रहरी कार्यलय झिलझिलेमा किटानी जाहेरी दिएको आधारमा झालाई घरबाट पक्राउ गरिएको उनले बताए ।

पीडित बालिकाको स्वास्थ्य परीक्षण गराइएको छ । पक्राउ परेका झाले करिब एक वर्षयता विभिन्न प्रलोभनमा पारेर ती बालिकामाथि शोषण गर्दै आएको पीडितको जाहेरीमा उल्लेख छ । घटनाबारे प्रहरीले अनुसन्धान शुरु गरेको इलाका प्रहरी कार्यालय झिलझिलेका इन्चार्ज प्रहरी निरीक्षक कोमल ठाकुरले जानकारी दिए ।

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाासम्म जरिवाना वा दुबै सजाय हुने,
- विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउनेलाई पाच वर्षसम्म कैद वा ५० हजार रुपैयाासम्म जरिवाना वा दुवै साजय हुने
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त, रोगी वा वृद्ध व्यक्तिहरुलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाासम्म जरिवाना हुने ।
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहुविवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## भारतमा रहेका नागरिकको उद्धार गरिँदै

**भोजपुर, जेठ ११।** भोजपुरबाट रोजगारीको सिलसिलामा भारत गइ सीमा क्षेत्रमा आएर अलपत्र परेका नागरिकको उद्धार गरिने भएको छ ।

सरकारले लकडाउनको समयमा आउनमा कडाइ गरे पनि दिनरात लगाएर पैदल हिँडेर लुकीछिपी जिल्ला आउने क्रम नरोकिएपछि उनीहरुलाई सुरक्षित तवर ल्याउने तयारी भएको हो ।

लुकेर आउने र उनीहरुको तथ्याङ सङ्कलनसमेत गर्न समस्या हुन थालेसँगै सङ्क्रमण झनै बढ्ने सम्भावनालाई ध्यान राखेर ल्याउने तयारी भएको जिल्ला प्रशासन कार्यालय भोजपुरले जनाएको छ । उद्धार गरिने नागरिकमा कोरोना सङ्क्रमणको बढी जोखिम हुने भएकाले जिल्लाका सबै नाका बन्द गरी सकडको मुख्य नाका भोजपुर र धनकुटाको सीमा रहेको लेगुवाबाट मात्र ल्याउने तयारी रहेको जिल्ला प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले जानकारी दिए । प्रजिअ पुरीले भने- हामीले भारत-नेपालको सीमा क्षेत्रमा रहेका भोजपुरका नागरिकलाई उद्धार गरेर ल्याउने तयारी गरेका छौं, सीमा क्षेत्रमा रोक्दा रातरात भागेर आउने क्रम देखिएपछि झनै सङ्क्रमण फैलिने सम्भावनालाई ध्यानमा राख्दै सुरक्षित तरिकाबाट क्वारेन्टिनमा राख्ने गरी ल्याउने तयारी गरेका हौं ।

पहिलो चरणमा पौवादुङमा गाउँपालिका, आमचोक गाउँपालिका, साल्पासिलिछो गाउँपालिका र षडानन्द नगरपालिकालगायतका नागरिकको उद्धार गरिने जनाइएको छ। उद्धार गरिएको नागरिकलाई राख्नका लागि अरुण गाउँपालिका वडा नं ६ र ७मा रहेका कोशी प्राथमिक विद्यालय, सूर्योदय प्राथमिक विद्यालय र जनश्रमदान बालकल्याण प्राथमिक विद्यालयमा ८० श्यया क्षमतामा होल्डिङ एरिया छनोट गरिएको छ । आफ्नो जिल्लाका

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# ‘मर्निङ वाक’मा रोक !

**दिपेन लावती**

**शान्तिनगर, जेठ ११।** विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) का कारण देश लकडाउनमा छ। मानिसहरु घरमै बस्न बाध्य छन्। दैनिक कामकाजमा मानिसहरु व्यस्त नहुँदा विभिन्न रोगको जोखिम पनि उत्तिकै छ। रोगको जोखिम कम गर्न मानिसहरु विहान हिँड्ने गरेका छन्। यसका साथै नेपाल पुलिस, आर्मी बन्न तयारी गरिरहेका युवा पनि शारीरिक व्यायामको निम्ति विहान बाटोमा देखिने गरेका छन्।

झापाको बुद्धशान्ति गाउँपालिकाले लकडाउनलाई प्रभावकारी र सफल बनाउन निक्कै कडाई गरेको छ। अत्यावश्यक सामग्री किनमेलको क्रममा पनि सामाजिक दुरी कायम गर्न आग्रह गरेको छ। तर, मेची राजमार्ग अन्तर्गत बुधवारेदेखि सुनमाईसम्मको सडक-खण्डमा भने दैनिक मानिसहरुको भीड बाक्लो देखिने गरेको छ।

उनीहरुले कोरोनाबाट बच्ने सुरक्षाका कुनै उपाय अपनाउने गरेका छैनन्। साथै सामाजिक दुरीको वेवास्ता गरी मर्निङ वाकमा निस्किने गरेका छन्। स्वास्थ्यमा समस्या भएका त बिहान हिँड्नु ठिकै हो, उनीहरु सतर्क भएर हिँड्ने पनि गरेका छन्। तर, उक्त भीडमा हिँड्ने आधाभन्दा बढी युवा-पुस्ताले लकडाउनको खिल्ली उडाउँदै बाटोमा निस्किँदा कोरोनाको जोखिम बढाएका छन्। प्रत्येक दिन बिहान



२ सयभन्दा बढी मानिसहरुको भीड बाटोमा देखिने गरेको स्थानीय वीरेन शेर्माले बताए।

बिहान ३:३० बजेबाट ६ बजेसम्म होहल्लासहित बाटोमा हिँड्ने गरेको स्थानीयहरु बताउँछन्। बाटोमा हिँड्ने युवा-पुस्ता होहल्लासंगै अपशब्द बोल्ने र बाटो नजिक रहेको आँप र लिच्ची समेत टिपेर खाने गरेको पूर्वाञ्चलकर्मीलाई खबर आएपछि दुई दिन बिहान बाटोमा उनीहरुको क्रियाकलापको बारेमा बुझिएको थियो। उनीहरु बाटोमा सुत्ने र अत्यावाश्यक एम्वुलेन्स, खाद्यान्न बोक्ने गाडीलाई समेत छेक्ने गरेको पाइएको थियो। स्थानीयले जानकारी दिए जस्तै उनीहरुको क्रियाकलाप त्यस्तै पाएपछि प्रहरी र गाउँपालिका अध्यक्षसँग यस विषयमा जानकारी लिइएको थियो।

इलाका प्रहरी कार्यालय बुधवारेका प्रमुख युवराज राईले अब दैनिक विहान गस्ती गर्ने र यस्ता क्रियाकलाप देखिए या भेटिए कार्वाही गर्ने जानकारी दिए। प्रहरी प्रमुख राईले भने- ‘स्वास्थ्यमा समस्या रहेको र बिहान हिँड्नै पर्ने बताएपछि उनीहरुलाई छोड्ने गरेका छौ। तर, बिहान बाटोमा भीड लागेर हिँड्ने मानिसहरुलाई रोक्न गाउँपालिकाले निर्देशन दिए हिँड्डुलमै बन्देज लगाउँछौ।’ प्रहरी प्रमुख राईका अनुसार अब हरेक दिन विहान प्रहरीको टोलीले उनीहरुलाई निगरानी राख्नेछ।

गाउँपालिका अध्यक्ष रमेशकुमार भुजेलले बिहान हिँड्ने मानिसहरुलाई उज्यालो भएपछि मात्र हिँड्डुलमा निस्कन सूचना जारी गर्ने बताए। अध्यारोमा हिँड्डुल गर्दा विकृति फैलिएको खवर यसअघि नै जानकारीमा आए पनि काम व्यस्तताले त्यता ध्यान दिन सकेनौं। अब सार्वजनिक सूचनासहित पहिले जानकारी दिने र आवश्यक सुरक्षासहित सामाजिक दुरी कायम गरी बिहान हिँड्डुलको बातावरण मिलाउने छौं- अध्यक्ष भुजेलले भने। उनीहरुले गाउँपालिकाको सूचनालाई वेवास्ता गरी बिहान निस्किए हिँड्डुलमै रोक लगाउने उनले बताए। तर, स्थानीयले भने कोरोनाको उच्च जोखिम रहेको वेला मर्निङ वाकलाई बन्देज लगाउन प्रहरी प्रशासन र गाउँपालिकालाई आग्रह गरेका छन्।

# इदउलफित्र सोमबार

**झापा, जेठ ११।** इस्लाम धर्मावलम्बीहरुको महान् पर्व रमजान (इदउलफित्र) सोमबार मनाउने भएका छन्। एक महिनासम्म चल्ने यो पर्वमा सो समुदायका धर्मावलम्बी दिनमा निराहार बसेर एक महिनाको रोजा व्रत आज पूरा गरेका छन् भने इदउलफित्र मनाउन तयारीमा जुटेका छन्।

इदउलफित्र नमाज सामूहिक रुपमा इदगाहमा पढ्नुपर्ने र यसवर्ष कोरोना भाइरसका कारण सामाजिक दूरी कायम गर्नुपर्ने तथा मुलुकमा लकडाउन पनि कायमै रहेकाले यो नमाज घर घरमै पढ्न राष्ट्रिय मुस्लिम आयोगले जारी गरेको सार्वजनिक सूचना जनाइएको छ।

रमजान उर्दू क्यालेण्डरअनुसार हिजरी सम्वत् १४४१ हो भने रमजान महिना नवौं महिना हो। रमजान महिनामा मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ।

दान दिनु, गरीब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो। यसमा मुस्लिमले आफ्नो गच्छेअनुसार परिकार बनाएर खाने गर्छन् भने एकले अर्कालाई इद मुबारक भनेर शुभकामना आदानप्रदान गर्ने गर्छन्।

यसैबीच सरकारले मुस्लिम समुदायका इद उल फित्रका अवसरमा सोमबारका लागि सार्वजनिक बिदा दिएको छ। नेपाल र दक्षिण एशियाबाट शनिबार चन्द्रमा नदेखिएकाले उक्त पर्व सोमबार मनाउने निर्णय भई अनुरोध आएकाले सोही बमोजिम सार्वजनिक बिदा सच्याइएको गृह मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

मन्त्रिपरिषद्को जेठ ९ गतेको निर्णयानुसार मुस्लिम सुमदायको इद उल फित्रका अवसरमा आइतबारका लागि सार्वजनिक बिदा घोषणा गरिएको थियो। बिदा सच्याउन मुस्लिम आयोगबाट अनुरोध भइआएको हुँदा जेठ ११ को सट्टा १२ गते सोमबारका दिन सार्वजनिक बिदा कायम गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# हल्ला फिजाउने एक जना पक्राउ

**काठमाडौं, जेठ ११।** पूर्वसांसद तथा संविधानसभा सदस्य एवम् नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता अनन्त पौडेल र कोरोना सङ्क्रमित उनकी श्रीमतीका बारेमा भ्रामक प्रचार गर्दै सामाजिक सञ्जालका अफवाह फैलाउने नितेश रिजाललाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। निजगढ नगरपालिका १२ रतनपुर घर भएका रिजाललाई वडा प्रहरी कार्यालय हेटौंडाको टोलीले हेटौंडा-५ भैरवरोडबाट पक्राउ गरेको हो।

रिजालले शनिबार सामाजिक सञ्जाल फेसबुकमा हेटौंडा-३ मा कोरोना सङ्क्रमित महिला पूर्वसांसद पौडेलकी श्रीमती भएको र घरमा क्यानडाबाट आएको छोरीले पार्टी दिएको, सूर्यले हेटौंडा डुबाउँदैछ भन्ने अफवाह फैलाउने भ्रामक भिडियो पोष्ट गरेका थिए। पौडेलसहित हेटौंडावासीले रिजाललाई पक्राउ गर्न चौतर्फी दबाब दिएको जनाइएको छ।

# दुर्घटनामा प्रहरी हवल्दारको मृत्यु

राँके, जेठ ११। देउमाई नगरपालिका-१,मेची राजमार्ग स्थित राँकेको चामु होटल नजिकै मोटरसाइकल दुर्घटना हुँदा प्रहरी हवल्दारको मृत्यु भएको छ।

मृत्यु हुनेमा चिलिङ्देन प्रहरी चौकी राँकेका प्रहरी हवल्दार अन्दाजी बर्ष ३५ का नवीन बस्नेत रहेको सोही कार्यालयका इन्चार्ज प्रहरी नायब निरीक्षक दिपेन्द्र श्रेष्ठले जानकारी दिए।

झापाबाट फिदिममा जाँदै गरेको मे १ ख १८६३ नम्बरको ट्रक र राँकेबाट इलाम तर्फ जाने क्रममा मे ११ प ४६६ नम्बरको मोटरसाइकल संग एकआपसमा ठोकिँदा हवल्दार बस्नेतको घटना स्थालमै मृत्यु भएको र तत्काल जिल्ला अस्पताल इलाम लगिएको बताइएको छ। ट्रक चालकलाई भने नियन्त्रणमा लिएको र थप विवरण आउँन बाँकी रहेको जनाएको छ।

# २८ जनाको कोरोना जाँच

**शान्तिनगर, जेठ ११।** झापाको बुद्धशान्ति गाउँपालिकाले तयार पारेको क्वारेन्टाइनमा बसेकाहरुको आइतवार पीसीआर विधिबाट स्वाब संकलन गरिएको छ।

बुद्ध आदर्श माध्यमिक विद्यालयमा तयार गरिएको क्वारेन्टाइनमा भारतका विभिन्न ठाउँबाट फर्किएका २४ जना बुद्धशान्तिबासी र २ जना पाँचथरका रहेका छन्।

उनीहरुको पीसीआर विधिबाट स्वाव संकलन गरिएको हो। त्यस्तै इलाका प्रहरी कार्यालय बुधवारेका प्रमुख युवराज राई र बुद्धशान्ति गाउँपालिकाका प्रशासकीय अधिकृत इन्द्रप्रसाद चाँपागाईसहित २८ जनाको पिसिआर विधिबाट स्वाब संकलन गरिएको हो। क्वारेन्टाइनमा भारतको लखनउ, मध्य प्रदेश, कानपुर, दिल्ली, आसाम लगायतका ठाँउबाट स्वदेश फर्किएकाहरु रहेको बुद्धशान्ति गाउँपालिका स्वास्थ्य शाखा प्रमुख भोला अधिकारीले जानकारी दिए। जिल्ला स्वास्थ्य कार्यालय झापाको टोलीले स्वाब संकलन गरेको हो।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा संकलन गरिएको स्वाब परीक्षण गरिने छ। रिपोर्ट ३ दिनभित्र आइसक्ने गापा स्वास्थ्य शाखाले जनाएको छ।

# प्रहरीलाई हातपात गर्ने पक्राउ

**भक्तपुर, जेठ ११।** प्रहरीलाई हातपात गरेको अभियोगमा सूर्यविनायक नगरपालिका-७ घ्याम्पेडाँडाबाट ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा बा.१८ च ५८२५ नम्बरको कार चालक भक्तपुर सल्लाघारी बस्ने उदयपुर घर भएका २२ वर्षीय जीवन खनाल, भक्तपुर गोलमडी बस्ने ३१ वर्षीय योगेन्द्र लाखाजु र सूर्यविनायक नगरपालिका-५ कटुन्जे बस्ने ४१ वर्षीय उपेन्द्र घिमिरे रहेका छन्।

सोही ठाउँमा महानगरीय प्रहरी प्रभाग कटुन्जेबाट ड्युटीमा खटिएको प्रहरीले सूर्यविनायकबाट घ्याम्पेडाँडातर्फ जाँदै गरको उक्त कारलाई जाँच गर्दा मादक पदार्थ सेवन गरी कारमा सवार उनीहरुलाई सम्झाई बुझाई गर्ने क्रममा वादविवाद गरी प्रहरीलाई हातपात गरेका हुन्।

## एकका लागि ...

राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुव्वा, कार्यक्रमका संयोजक मिजास पोखरेलले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा ‘एकका लागि एक’ अभियानका संयोजक महेन्द्रकुमार गिरी, सह-संयोजक बिनोद बस्नेत, अभियानका साझेदार संस्था नेपाल परिवार नियोजन संघ प्रदेश १का संयोजक केदार गिरी, भीटीएम किट खरिद तथा हस्तान्तरण कार्यक्रमका सह-संयोजक तथा रोटरी क्लव अफ बिर्तामोडका इलेक्ट प्रेसिडेन्ट निर्मल भट्टराई, सहारा नेपालका अर्जुन चुडाल, मोहन पोखरेल, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख कृष्णप्रसाद कोइराला, बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य तथा अभियानका खाना व्यवस्थापन समितिका संयोजक सञ्जीव घिमिरे, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटा लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले गरेका थिए।

झापाका सीमावर्ती क्षेत्रमा भारतबाट आउने क्रम बढेपछि झापामा कोरोनाको जोखिम बढेसंगै कोरोना भाइरसको परीक्षणको लागि अत्यावश्यक भीटीएम किटको अभाव हुँदा झापामा कोरोना भाइरसका संक्रमित समेत बढेकाले तत्काल भीटीएम किटको खरिद गरी उपलव्ध गराइएको अभियानले जनाएको छ।

यसैवीच भद्रपुरस्थित मेची अस्पतालको निर्माणाधीन भवनमा कोरोना अस्पताल र साविक जनस्वास्थ्य कार्यालयको तालिम केन्द्रमा पीसीआर परीक्षण प्रयोगशाला स्थापना गर्ने टुंगो लागेसंगै अभियानले अस्पताल र प्रयोगशाला निर्माणमा सहयोग गर्न अपिल गरेको छ। देशविदेशबाट अभियानलाई सहयोग प्राप्त भइरहे पनि अस्पताल र प्रयोगशालाका लागि थप सहयोग आवश्यक भएको अभियानका सहसंयोजक बिनोद बस्नेतले जानकारी दिए। अभियानले अन्तर्राष्ट्रिय झापाली समाज तथा प्रत्येक देशमा रहेका झापाली संघ-संस्थालाई सहयोग गर्न अनुरोध गरिएको उनले बताए। अभियानले व्यक्तिगत र संस्थागत गरी जेठ १० गतेसम्म ५२ लाख ५६ हजार २७५ रुपैयाँ सहयोग प्राप्त गरेको र देशविदेशका ५१ वटा संघ-संस्था र ५९४ जना दाताले अभियानलाई सहयोग गरिसकेको उनले जानकारी दिए।

त्यस्तै, ‘एकका लागि एक’ अभियानले गत जेठ ७ गतेबाट बिर्तामोडको क्वारेन्टाइनमा राखिएका मानिसलाई बिहान, दिउँसो र बेलुका खाना खाजा खुवाउँदै आएको जनाएको छ। कोरोना संक्रमण जोखिम न्यूनीकरण रोकथाम र उपचारका लागि झापामा गठित कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समितिले आग्रह गरेपछि अभियानले बिर्तामोडको क्वारेन्टाइनमा राखिएका दुई सय जना मानिसलाई बिहान, दिउँसो र बेलुका खाना खाजा खुवाउँदै आएको अभियानका खाना व्यवस्थापन समितिका संयोजक सञ्जीव घिमिरेले जानकारी दिए।

लकडाउन शुरु भएसंगै अभियानले बिर्तामोडको वनस्टप मलमा शुरु गरेको विपन्न, असहायलाई दैनिक एक छाक खाना खुवाउने कार्यलाई अझै निरन्तरता दिइँदै आएको उनले बताए। हालसम्म नौ हजार भन्दा वढी मानिसलाई खाना खुवाएको उनले बताए।

त्यस्तै ‘एकका लागि एक’ अभियानले बिर्तामोड, मेचीनगर, अर्जुनधारा, कनकाई, शिवसताक्षी दमक, भद्रपुर, मोरङ र सुनसरीका दुई हजारभन्दा वढी विपन्न तथा असाहय परिवारलाई खाद्य सामग्री वितरण गरेको अभियानका सहसंयोजक बिनोद बस्नेतले जानकारी दिए। त्यस्तै अभियानले कचनकवलका चारवटा क्वारेन्टाइनमा राखिएका मानिसलाई खाजा खुवाउने भएको छ। अभियानको टोलीले त्यसक्षेत्रको अनुगमन गरी झापामा गठित कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समितिको अनुरोधमा खाजाको व्यवस्था गर्न लागेको अभियानका सहसंयोजक वस्नेतले वताए।

यसैबीच ‘एकका लागि एक’ अभियानलाई संस्थागत गरिने भएको छ। अभियानको बिर्तामोडमा भएको बैठकले यस्तो निर्णय गरेको हो। कोरोना भाइरसको संक्रमणको जोखिममा परेकालाई सहयोग गर्न सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा झापामा ‘एकका लागि एक’ अभियानल शुरु गरिएको भए पनि झापामा आगामी दिनहरुमा हुन सक्ने विपद तथा प्रकोपको क्षतिलाई ख्याल गर्दै अभियानलाई संस्थागत गर्न लागिएको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए। उनले आगामी दिनहरुमा बाढी, आगलागी तथा अन्य विपदमा परेका झापाका मानिसलाई अभियानले सहयोग गर्ने जानकारी दिए।

त्यस्तै वैठकले झापाका सीमावर्ती क्षेत्रमा अस्थाई प्रहरी पोष्ट बनाउन सहयोग गर्ने निर्णय गरेको छ। झापाका विरीङ नदीदेखि गौरीगञ्जसम्मका अस्थाई प्रहरी पोष्ट बनाउन सहयोग गर्ने र त्यसका लागी राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुव्वालाई संयोजक र नेपाल परिवार नियोजन संघ प्रदेश नं. १का संयोजक केदार गिरीलाई सहसंयोजक तोकिएको अभियानले जनाएको छ। सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको ‘एकका लागि एक’ अभियानको संयोजन तथा सहजीकरण संवाद समूह झापाले गरिरहेको छ।

## झापाको ...

ठप्प छ। यस्तो अवस्थामा गाउँपालिका कुन अवस्थामा छ गाउँपालिकाको सामाजिक, आर्थिक र विकास निर्माणका गतिविधि कसरी अगाडि बढाउनुपर्छ भन्ने विषयमा जानकारी लिन सहज हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन निरौलाले बताए।

समग्र गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्व चित्र निर्माण गरिएको छ। गाउँपालिकाभित्र बसोवास गर्ने सबै धरधुरीका मूली र उनीहरुको पारिवारिक विवरणसहित आर्थिक, सामाजिक, शैक्षिक परिवारको कोही सदस्य स्वदेशमा वा विदेशमा छन् सोको समेत जानकारीसहित पेशा व्यवसायलाई समेत समेटिएको छ। गाउँपालिकाले हेर्न चाहेको खण्डमा सबै विवरण अनलाइनबाटै हेर्न सकिने र यसलाई मुहार पुस्तिकाका रुपमा हेर्न सकिने एनएन फाउण्डेशनका प्रवन्ध निर्देशक निरज निरौलाले बताए।

झापामा पछिल्लो समय हरेक स्थानीय तहले डिजिटल पार्श्वचित्रसहित अध्यावधिक योजना समेत निर्माण गर्दै विकास निर्माणका कामलाई अघि बढाएका कारण झापामा उल्लेख्य प्रगति भएको पाउन सकिन्छ।



# मोडल केटिको बोल्ड अवतार

प्रशिद्ध मोडल केटि बेलको सुन्दरता र हट फिगरको चर्चा संसारभर भइरहन्छ। उनको अग्लो शरीर छिनेको कम्मरमा मन्त्रमुग्ध हुने हजारौ होइन लाखौँ फ्यान छन्।

यिनै सुपरहट सुन्दरी केटीलाई ईङ्ल्यान्डका क्रिकेटर बेन डकेटले ट्वीटरमा कमेन्ट गरेपछि यो बिषयले निकै चर्चा पायो। डकेटले ट्वीटगर्दै लेखे- कोरोनाको कारणले यो सिजन प्रभावित हुनेछ। उनको यो ट्वीटमा मानिसहरुले निकै ट्रोलसमेत गरेका छन।

केटि समाजिक सञ्जालमा सक्रिय रहेकी छिन, उनको ईन्स्टाग्राममा १.८ मिलियन बढि फलोअर्स रहेका छन्। केटीको हरेक फोटोमा हजारौ कमेन्ट लाखौ लाइक आउँछ। आफ्नो सुन्दरता र सेक्सी फिगरका लागि प्रख्यात रहेकी केटले इन्स्टाग्राममा शेयर गरेका आकर्षक तस्वीरले निकै चर्चा पाइरहन्छन्।

## बजारमा ...

तर, यो विषयमा अहिलेसम्म ठोस् रुपमा पेश नभएको उनले बताए। उनले भने- सम्बन्धित निकायबाट कागजात आएमा सरकारले आवश्यक निर्णय गर्ला।

बन्दाबन्दीको शुरुका दिनमा ढुवानी समस्यासँगै आवश्यक जनशक्तिको समेत समस्या रहेको उनले बताए। अहिले कतिपय उद्योगले आफ्नै साधनबाट ढुवानी गरिरहेका छन्। औषधि उत्पादकले भने तत्काल बजारमा अभाव नभएको भनी ढुक्क हुने अवस्था नरहेको बताएको छ। स्वदेशी उद्योगले पनि बजारको माग अनुसार उत्पादन गर्न नसकिरहेको र विदेशबाट पनि आयातमा समस्या आउनसक्ने औषधि उत्पादक केदार सिजापतिले बताए।

बन्दाबन्दी पहिले नै धेरै नागरिकले घर-घरमा औषधि लगेकाले तत्काल समस्या नभएको उनले बताए। उनका अनुसार सीमा विवादका कारण समस्या आउनसक्ने भन्दै कतिपयले अहिले पनि थप समयका लागि औषधि खरिद गरिसकेका छन्। उनले भने- सामान्य अवस्थामा एक हप्ताका लागि औषधि किन्नेले अहिले एक महिनाका लागि र महिनाका लागि किन्नेले ६ महिनाका लागि किनेको पाइन्छ।

कच्चा सामग्रीमध्ये ८० प्रतिशत चीनबाटै आउने गरेको थियो। अहिले आउनुपर्ने कच्चा पदार्थ नआएको उनले बताए। कच्चा पदार्थको भाउ बढेकाले पनि उत्पादकलाई गाह्रो भइरहेको उनले बताए। भारतमा पनि आवश्यक कच्चा पदार्थको अभाव हुँदा आवश्यक मात्रामा औषधि उत्पादन हुन नसक्ने उनले बताए। औषधि आउँदा पनि कत्तिको गुणस्तरीय औषधि भन्ने कुरा पनि महत्वपूर्ण हुने उनले बताए। उनले भने- समयमा नै यी कुरामा ध्यान दिन आवश्यक छ।

## भारतमा ...

नागरिकलाई उद्धार गर्नु स्वागतयोग्य भए पनि सङ्क्रमणको डरसँगै उनीहरुलाई व्यवस्थापन गर्न आर्थिक समस्या हुने भएकाले सबैले सहयोग गर्नुपर्ने अरुण गाउँपालिका अध्यक्ष गजेन्द्रबहादुर कार्कीले बताए। अध्यक्ष कार्कीले भने- यो स्वागतयोग्य काम हो, तर जोखिमको सम्भावना पनि त्यत्तिकै मात्रामा छ, तत्काललाई होल्डिङ एरिया हाम्रो गाउँपालिकामा बनाउने तयारी रहेकाले आर्थिकरूपमा अन्य स्थानीय तहले पनि सहयोग गर्न आवश्यक छ।

उद्धार गरिएका नागरिकलाई होल्डिङ एरियामा राखेर कोरोना परीक्षण गरेपश्चात रिपोर्ट नेगेटिभ आए सम्बन्धित स्थानीय तहको क्वारेन्टिनमा पठाइने तथा पोजेटिभ आएमा उपचारका लागि धरान अथवा विराटनगरको कोराना विषेश अस्पताल पठाइने जिल्ला समन्वय समिति भोजपुरका प्रमुख लक्ष्मण खड्काको भनाइ छ।

नेपाल-भारतको सीमाना काँकरभिट्टा, सुनौलीलगायत ठाउँमा रहेका पौवादुङमा गाउँपालिकाका १०, आमचोक गाउँपालिकाका १७, षडानन्द नगरपालिकाका छ र साल्पासिछो गाउँपालिकाका नौ जना सम्पर्कमा रहेकाले उनीहरुलाई ल्याउने तयारी गरिएको हो।

## कुटपिटबाट ...

यसअघि वैशाख २३ गते भएको कुटपिटमा घाइते भएका सप्तरीको महादेवा गाउँपालिका-१ बल्थीका ८० वर्षीय सुविलाल यादवको बिहीबार मृत्यु भएको थियो। उपचारपश्चात वैशाख २७ गते डिस्चार्ज भई घरमा बसेका वृद्धको मृत्यु भएको भन्दै एक जनाविरुद्ध उजुरी परेको र हालसम्म पक्राउ नपरेको प्रनाउ भारतीले बताए।


**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**








श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## आमाको छातीमाथिको प्रहार सह्य हुँदैन

जनताबिनाको देश हुँदैन र देशबिनाको जनताको पनि अस्तित्व हुँदैन । देश भूगोल हो तर त्यो भूगोलभित्र जनता पनि हुनुपर्छ । देशको भूगोल सीमानाले छुट्याएको हुन्छ र सीमाभित्रको भूगोलमा बाह्य हस्तक्षेप स्वाभिमानी जनताका लागि कुनै अर्थमा पनि स्वीकार्य हुँदैन । तर, देशको प्रतिनिधि भनिने सरकारले अग्रमोर्चामा रहेर जनताको मन बोकेर सीमाको रक्षा गर्नुपर्छ । संसारभरिका देशहरू भूगोल, क्षमता, स्रोत, सामाजिक अवस्था र त्यहाँ बसोबास गर्ने जनताको आधारमा ठूला साना छन्, हुन्छन् तर स्वतन्त्रता र स्वाधीनताको अर्थमा बराबर हुन्छन् । स्वाधीनताका लागि युद्धमा लल्कार्ने सेनानायक अमरसिंह थापा हुन् वा राष्ट्रिय एकताका प्रतीक राजा पृथ्वीनारायण शाह, राष्ट्रियतालाई प्राण ठान्ने माथवरसिंह थापा वा भूगोल निर्माण गर्न सम्पूर्ण खुशी समर्पण गर्ने बहादुर शाह वा वम शाह हाम्रा आदर्श हुन् ।

नारी भएर पनि अग्रजको पद पछ्याएर युद्ध मैदानमा होमिने राजेन्द्रलक्ष्मी देवी शाहको त्याग र निष्ठा नेपाली इतिहासमा नमेटिने सत्य हो । यी र यस्ता धेरै वीर वीराङ्गनाहरूको खुन पसिनाबाट सृजित आजको नेपाल यदाकदा अतिक्रमणमा पर्ने गरेको छ । यद्यपि यो नयाँ बिषय होइन तर हाम्रा प्रतिनिधिहरुको अक्षमताले अतिक्रमणको पीडा पटक–पटक खप्नु परिरहेको छ । राष्ट्र निर्माता पृथ्वीनारायण शाहले भने जस्तै दक्षिणतर्फका चतुर शासकहरूले हाम्रा प्रतिनिधिहरुलाई प्रलोभनमा पारेर शायद राष्ट्रको अस्मितामाथि खेलबाड गरेका छन् । कोशी, गण्डकी, महाकाली नदीमाथिको अतिक्रमण त्यसकै उदाहरण हुन् । राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय अखण्डताको सुरक्षाको लागि कुनै सम्झौता नगर्ने पूर्खाको स्वाभिमान पुनर्जीवित गर्नु वर्तमानको सबैभन्दा ठूलो कुरा हो आज । यसका लागि जनता होइन जनताका प्रतिनिधि जाग्नु पर्छ ।

जागरण बोलीमा होइन कुटनीतिक हुनुपर्छ । अझ देशकै प्रतिनिधि त मीतभाषी, संयमित र चतुर हुनुपर्छ । त्यही गुणको अभावमा अनावश्यक आलोचना र टीकाटिप्पणी हुने गरेको छ हाम्रा नेताहरूको । बोलीलाई लगाम लगाएर कर्म कुशलताले प्रतिवाद गरेर मात्र आजको युद्ध जितिन्छ भन्ने बोध गर्न जरूरी छ । आज अन्तर्राष्ट्रिय नियमविपरीत मानवरहीत क्षेत्र दशगजामा भारतीयहरू घरै बनाएर बस्न थालेका छन् । सीमावर्ती नेपालीहरूलाई बलपूर्वक भारतीय बनाइँदैछ । जग्गामा लालपूर्जा राखेर पनि स्वामित्वको अनुभूति गर्न नपाएर कति अगुवाहरू बितिसके । रात परेपछि सीमास्तम्भ नेपाली भूभागतिर सर्ने गरेको स्थानीयको गुनासोको कतै सुनवाई हुँदैन ।

बारबार बल्झिरहने सीमा अतिक्रमणको पीडालाई वर्तमान सरकारले कुशलतापूर्वक सम्बोधन गर्नुपर्छ । इतिहासले यही आवश्यकताको पूर्णताका लागि हुन सक्छ वर्तमानको सत्तारूढ दललाई बहुमत दिएको हो । दलीय स्वार्थवश विगतमा जे भयो त्यसको प्रायश्चित गर्ने यो ठूलो अवसर हो । यो यसकारण पनि अवसर हो कि प्रतिपक्षको पनि राष्ट्रियताको मुद्दामा सरकारका साथमा छ । अब केवल चाहिएको छ दृढता, इच्छाशक्ति, बौद्धिकता, तार्किकता र स्वाभिमानी अग्रसरतासहितको सरकारको कर्मठता । कोरोना कहर केही समयपछि साम्य होला तर आमाको छातिमाथिको प्रहारले दिने पीडा कहिल्यै समन हुने छैन । त्यसैले देशको माटो छोएर पूर्खाको नाशोको रक्षा गर्न सरकार लगायत सबै प्रतिनिधि दलहरूलाई सद्बुद्धि प्राप्त होस् ।

# नेपालको गणतन्त्र जनपक्षीय कति ?



तीर्थराज खरेल

गणतन्त्रलाई जनपक्षीय बनाउन दलगत स्वार्थ, व्यक्तिगत महत्वाकांक्षा र पदीय अहंकार परित्याग गर्न जरुरी छ । सबै प्रकारका शोषण, उत्पीडनबाट मुक्ति दिलाउन जनताको साथ लिन जरूरी छ हरेक प्रक्रियामा ।

हामी नेपालमा १३औं गणतन्त्र दिवस मनाउने संघारमा उभिएका छौं । १०४ वर्षको लामो निरंकुश जहानियाँ राणातन्त्रको पञ्जाबाट मुक्त भएर आधुनिक राज्यव्यवस्थामा पाइला टेक्न कोशिस गरिरहेको अवस्थामा नेपालमा गणतन्त्र स्थापना हुने अपेक्षा गरिएको थियो, तर १० वर्षसम्म नेपाल संक्रमणको भीषण गर्तमा भासियो । २०१५ सालको प्रथम आमनिर्वाचनपछि गठन भएको बीपी कोइरालाको सरकारलाई अपदस्थ गर्दै ३० वर्षे एकदलीय पञ्चायतको बीऊ रोपियो । पञ्चायती व्यवस्था राजतन्त्रात्मक निरंकुशताको अर्को रुप थियो, जुन सरकार चलाउने एक प्रक्रिया थियो जसमा मुलुकको सार्वभौमिकता एकैजनामा निहीत थियो । राजा र राजपरिवार नै शासनका सर्वाधिकारसम्पन्न निकाय थिए । ३० वर्षसम्म राजतन्त्रको विरुद्धमा गुम्सिएको असन्तुष्टि २०४७ साल कात्तिक २३ गते जारी गरिएको नेपाल अधिराज्यको संविधान २०४७ मार्फत तत्कालीन राजा वीरेन्द्र मनले नमाने पनि संवैधानिक राजाको रुपमा बस्न राजी भएपछि मत्थर भएको थियो । तर, जनजनमा नेपाललाई गणतन्त्रात्मक राज्यव्यवस्थाको रुपमा बदल्ने इच्छा भित्री रुपमा जीवितै थियो । विक्रम सम्वत् २०६५ साल जेठ १५ गते ऐतिहासिक संविधानसभाको पहिलो बैठकले दुई शताब्दि भन्दा लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो । १० वर्षे सशस्त्र जनयुद्ध र १९ दिने जनआन्दोलको बलमा स्थापित गणतन्त्र जहानियाँ राजतन्त्र अन्त्य गरेर भएको सर्वविदित छ । २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापनापछि गणतन्त्रको बीऊ नेपालमा रोपिएको थियो । तर, त्यसपछिका धेरै उतारचढावपछि २०६४ साल चैत्र २८ मा सम्पन्न संविधान सभाको पहिलो बैठकबाट गणतन्त्र स्थापना गर्ने प्रस्ताव पारित भएको थियो । उक्त पहिलो बैठकबाट गणतन्त्र कार्यान्वयन गर्ने कुरामा सहमत सबै दलहरुमा सो निर्णयको व्यवहारिक कार्यान्वयनको प्रक्रियाबारे केही समयसम्म मतभिन्नता रह्यो । २०६५ साल जेठ १५ गते गणतन्त्रको विधिवत् घोषणा भएपछि नारायणीहिटी राजदरबारमा फरफराइरहेको राजाको झण्डा झिकेर त्यस ठाउँमा नेपालको राष्ट्रिय झण्डा गाडिएको थियो । त्यो घटना ऐतिहासिक तथा अभूतपूर्व थियो । तर, आज गणतन्त्रको के अवस्था छ ?
युगौंयुगान्तरसम्म सिम्रिक रङ्गले नेपाली पहिचानको बयान गरोस्, अमर ख्याति प्राप्त गर्न सकोस्, मन अनि वन दुबैतर्फ डाँफे उडोस्, नेपाली टोपी र सगरमाथा उच्च रहून् अनि विधिको शासन कायम रहोस्, देशले राजनीतिक, सामाजिक, आर्थिक स्थिरता प्राप्त गर्न सकोस् भनेर हरेक नेपालीको मनमनमा सृजिएका शुभकामनाहरु साँच्चिकै सार्थक हुने गरी गणतन्त्र दिवस मनाउने अवस्थामा हामी छौं यतिबेला ? के नेपालको गणतन्त्रले साँचो अर्थमा राष्ट्रिय एकताका लहर सृजना गर्न सफल भएको छ ?

इतिहासलाई साक्षी राखेर भन्ने हो भने १३औं गणतन्त्र दिवसको आजको संघारमा नेपालको कुर्वानीका गाथाहरु छन् । नेपाली साहित्यका आधुनिक कवि भूपी शेरचनले भनेझैं 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए, बन्दैन देश दुईचार सपुत मरेर नगए ।' पटक-पटकका जनान्दोलन, जनसंघर्ष, जनयुद्ध र जनदबाबका कारण आजको अवस्था तयार भएको हो । दसवर्षे जंगलयुद्ध लडेर आएका सबैले मुलुकको आधुनिक इतिहासको सबभन्दा महंगो यो हिंसात्मक त्रासदीको एउटा मात्रै देखाउने उपलब्धि गणतन्त्र र गणतन्त्र मात्रै भएको छ । एउटा प्रतिप्रश्न गणतन्त्र पनि कहीँ उपलब्धि अथवा अनुपलब्धि हुन सक्छ र ? गणतन्त्र, लोकतन्त्र वा राजतन्त्र, प्रधानमन्त्रीय, राष्ट्रपतीय, संघीय वा अरू कुनै पनि नामको शासन व्यवस्था मुलुक वा जनताका लागि नामकै भरमा स्वतः उपलब्धि वा अनुपलब्धि हुन सक्दैन । यो शासन व्यवस्था साधनसम्म हो, साध्य होइन । तसर्थ सबभन्दा ठूलो प्रश्न भनेको यो गणतन्त्रले नेपाल र नेपालीका लागि के दियो ? के मुलुकको परनिर्भरता घटेको छ ? कमजोर आर्थिक वृद्धि, चरमचुलीमा पुगेको व्यापार घाटा वा शून्य




रोजगारी सिर्जना वा अरू यस्तै दर्जनौं तथ्यांकहरूले निराशाजनक तस्वीर प्रस्तुत गर्छन् । अहिले पनि गणतन्त्र र संघीयताको सफलताका बारेमा हारेका शक्ति र धमिलो पानीमा रमाउने प्रवृत्ति भएकाहरु आशंका गर्छन् । गणतन्त्रको लाभका रूपमा आर्थिक प्रगति, सामाजिक सहिष्णुता र राज्यको विश्वसनीयताको दिशामा गति पक्रिन सकेमा निराशावादीको मुख बन्द हुन्छ । आर्थिक प्रगति र सामाजिक न्यायले मुलुकको शान्ति, अखण्डता र सार्वभौमिकता बलियो हुनेछ ।

बिर्सन नहुने कुरा के हो भने राजनीतिक प्रणाली सबै थोक होइन, यो त मुलुक र जनताको वैभव सिर्जनामा सहयोगी हुन सक्छ र हुनुपर्छ । मुख्य कुरा नेता र नेतृत्वको कार्यशैली तथा जनताको सोच हो । साध्य र साधनका साथसाथै नेतृत्व र जनताको पहल पनि उत्तिकै आवश्यक छ मुलुकको साँचो उन्नतिका लागि । शासनको कुनै आकर्षक नामले मात्र हुँदैन, मुलुकले जादुको छडीजस्तो आफैं प्रगति गर्ने होइन । नेपालमा यसको ठीक उल्टो अवस्था छ र बदल्ने चेष्टा शून्य छ । देश र जनताको जीवनसँग

गणतन्त्रको परिवेश पूर्ण रुपमा सन्तोषजनक नभए पनि आशालाग्दो छ । जाने बाटो धेरै छ, साथ धेरै आवश्यक छ, एकता अनि देशप्रेमको भावलाई स्खलित हुन नदिई सगरमाथाको देशले चाल्ने पाईलाहरु कठिन पक्कै छन् तथापि नेपालीजनको देशप्रेम अनि विकासको उत्कट चाहना सँगसँगै सकारात्मक दिशातर्फै छन् । गणतन्त्रात्मक शासन पद्धति भनेको यस्तो राज्य व्यवस्था हो जहाँ राजा वा रानी नभईकन जनताद्वारा चुनिएका प्रतिनिधिहरुले शासन गर्ने गर्दछन् । नेपालमा गणतन्त्र आउनु अगावै राष्ट्रप्रमुख हुनका लागि राजपरिवारमै जन्मिएका व्यक्ति अर्थात् राजाका छोराछोरी, राजपाठमा हुर्किएका शाही सदस्य मात्र हुन पाउने व्यवस्था थियो । समयको परिवर्तनले आज स्वतन्त्र अनि गणतान्त्रिक नेपालमा जन्मिएका हरेक नागरिकले आफ्नो स्वतन्त्रता, राष्ट्रप्रेम अनि स्वछन्दताका आधारमा भविष्यको राष्ट्रपति हुने सम्भावना बोकेर जन्मिएका छन् ।

आजको गणतन्त्र कसैको चाहनाबाट सजिलै आएको होइन, यसका लागि हजारौं-लाखौं नेपाली जनताको दशकौंदेखिको त्याग, तपस्या, बलिदान, जेलनेल र दुःखकष्टका सहस्रौं त्याग र जोडिएका सबालहरुमा नीति-निर्णय गर्ने सम्पूर्ण प्रक्रियामा बहुसंख्यक जनताको आलोचनात्मक सहभागिता रहने अवस्थाको अभावले गणतन्त्र जनपक्षीय हुन सक्दैन । संसारका सबै गणतन्त्रहरु जनतालाई सुख, शान्ति र अमनचयन दिलाउन सक्षम नभएका धेरै उदाहरणहरु छन् । विकास-प्रगतिहरु दयालु शासक तथा मुक्तिदाताको दयामाया र कृपाको कुरा होइन, मुलुकको प्रगति त जनताले आफै आफ्नै मेहेनतले सृजना गर्ने कुरा हुन् । गणतन्त्र भनेको नीति-निर्णय र कार्यान्वयनको प्रक्रियामा जनताको आलोचनात्मक सहभागिताको ग्यारेन्टी भएको व्यवस्था हो । जनताले आफूलाई शक्तिसम्पन्न बनाउन सके मात्र गणतन्त्रको महत्व स्थापित हुनसक्छ । वास्तवमै गणतन्त्रलाई उपलब्धिमूलक बनाउने हो भने ढाँट र छल होइन, यसका लागि चिन्तन प्रणालीमा नै परिवर्तन आवश्यक छ । जनतालाई यो देशमा नै जीविकोपार्जन गर्न सक्ने परिस्थिति बनाउन आवश्यक छ । समयको निश्चित कालखण्ड र खासखास मोडमा राजनीतिमा हुने युगान्तकारी परिवर्तनहरुको दिगोपना तिनीहरुको उद्देश्य पुरा हुने वा नहुनेमा निर्भर गर्दछ । नेपालको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक धरातलको यथार्थबाट मुलुकको अग्रगामी रुपान्तरणको लागि उठेको सशस्त्र संघर्ष र बहुदलीय व्यवस्थाका पक्षपाती संसदीय शक्तिको आन्दोलनको सम्मिश्रणबाट बनेको १२ बुँदे समझदारीले दलहरुवीच सहमति, सहकार्य र एकताको सहयात्रा शुरु भएपछि नेपाल नयाँ लोकतान्त्रिक धारतर्फ अघि बढेको थियो । नेपालको राजनीतिक क्रान्ति आफ्नै मौलिकतामा आधारित विशिष्ट र सृजनात्मक ढंगले अघि बढेको थियो । १२ बुँदे समझदारीमा निरंकुशताविरोधी आन्दोलन भनिए पनि सारमा राजतन्त्रविरोधी भावना आन्दोलनको मूल अभिष्ट थियो । मुलुकको रुपान्तरणका लागि दलका नेता, कार्यकर्ता र आम नेपाली जनतामा सकारात्मक सोच र विवेकपूर्ण राजनीतिक चेतको जरुरत छ । दुःखको कुरा नेपालले नेता पाए पनि राजनेता पाउन सकेको छैन । नेतृत्वको संकट सामूहिक नेतृत्वबाटै पुरा हुने अपेक्षा गर्न सकिन्छ । गणतन्त्रको फल नेपाली जनतासम्म पुऱ्याउन सबैमा परिवर्तनप्रति दृढ विश्वास, इच्छाशक्ति र इमान्दारिता हुनुपर्छ । राष्ट्र, राष्ट्रियता, जनाधिकार, जनजीविका र जनताको सम्प्रभुता कायम गर्दै अघि बढ्न जरुरी छ । जनतामाथिको विश्वासघात भएमा र मुलुकका सम्पूर्ण मौलिकताको साझा सम्मान नभए फेरि पनि मुलुक प्रतिगमनतर्फ जानसक्छ । तसर्थ गणतन्त्रलाई जनपक्षीय बनाउन दलगत स्वार्थ, व्यक्तिगत महत्वाकांक्षा र पदीय अहंकार परित्याग गर्न जरुरी छ । सबै प्रकारका शोषण, उत्पीडनबाट मुक्ति दिलाउन जनताको साथ लिन जरुरी छ हरेक प्रक्रियामा । संगठित जनपक्षीय शक्तिको साझा प्रयत्न र पहलबाट मात्र हाम्रो गणतन्त्र जनमुखी हुन सक्छ ।

tirthakharel2028@gmail.com

# कोरोनाले ११७ नेपालीको मृत्यु

**बेलायत, जेठ ११।** विश्वभर महामारीका रुपमा फैलिएको कोभिड-१९ संक्रमणका कारण शनिबार साँझसम्म मृत्यु हुने नेपाली ११७ पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार यो साता थप २१ नेपालीले कोरोनाका कारण ज्यान गुमाएका छन् ।

एनआरएनका अनुसार संयुक्त अरब इमिरेट्समा नौ, साउदी अरबमा पाँच, बेलायत र नेपालमा दुई/दुई तथा संयुक्त राज्य अमेरिका, कतार र कुवेतमा एक/एक नेपालीको यो साता निधन भएको हो । एनआरएन स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ६५ गैरआवासीय नेपालीको मृत्यु भएको छ । समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार युएइमा १८ नेपालीको निधन भएको छ ।

त्यस्तै अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको संख्या १६ पुगेको छ । यसैगरी साउदी अरबमा सात, नेपालमा तीन तथा कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्डस, बहराइन, स्वीडेन, कतार र कुवेतमा एक/एक जनाको मृत्यु भएको एनआरएन, कोभिड -१९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए ।

मृत्यु हुनेमा ५० देखि ९० वर्ष उमेर समूहमा सबैभन्दा धेरै ५३ प्रतिशतको निधन भएको जनाइएको छ । स्वास्थ्य समितिको तथ्यांकानुसार २३ प्रतिशत ४० देखि ५० वर्ष उमेर समूहका छन् । ४० वर्षभन्दा कम उमेर समूहमा निधन हुने नेपाली १६ प्रतिशत छन् । बाँकी आठ प्रतिशतको उमेर समूह खुलेको छैन ।

संयोजक डा. सापकोटाका अनुसार नेपालसहित विश्वभर १२ हजार ८२१ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित छन् । तीमध्ये मध्यपूर्वमा ७२, अमेरिकामा १३, युरोपमा १० र एशियामा पाँच प्रतिशतमा संक्रमणमा देखिएको छ । अष्ट्रेलियामा एक प्रतिशतभन्दा कम संक्रमण देखिएको छ भने अफ्रिकी मुलुकमा रहेका नेपालीमा कोरोना संक्रमण नदेखिएको संस्थाले जनाएको छ ।

संक्रमितमध्ये चार हजारभन्दा बढी नेपाली कोरोना भाइरसबाट मुक्त भएको सापकोटाले जानकारी दिए । अत्यधिक कोरोना प्रभावित देशमध्ये बेलायत र अमेरिकामा गत साताको तुलनामा यो साता संक्रमणको दर निकै कम हुँदै गएको र मध्यपूर्वका देशमा बढ्दै गएको समितिको तथ्यांकले देखाएको छ ।

स्वास्थ्य समितिका अनुसार कतारमा ६ हजार ९११, अमेरिकामा एक हजार ६ सय, बेलायतमा एक हजार २३०, साउदी अरबमा एक हजार ३६४, नेपालमा ५८५, युएईमा पाँच सय, बहराइनमा ३११, कुवेतमा ८४, मलेसियामा ५५, पोर्चुगलमा ४२, आयरल्याण्डमा २२, स्पेनमा १३, क्यानडामा १८, अष्ट्रेलियामा १२, माल्दिभ्समा १६, जापानमा १०, बेल्जियममा ६, स्वीट्जरल्याण्डमा पाँच, जर्मनी र फिनल्याण्डमा चारचार, साइप्रस र न्युर्जिल्याण्डमा तीन/तीन, माल्टा, हङ्कङ्ग, पोल्याण्ड र रुसमा दुई/दुई तथा म्यानमा, रोमानिया र फ्रान्समा एक नेपालीलाई कोरोना संक्रमण भएको छ । यो साता रुस, रोमानिया र भारतका नेपालीमा नयाँ संक्रमण देखिएको हो ।

चीनबाट शुरु भएको कोरोना भाइरसविरुद्ध लड्न एनआरएनएले अध्यक्ष कुमार पन्तका संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गरेको थियो । संस्थाले स्वास्थ्य, आर्थिक, विद्यार्थी, श्रमिक, महिलालगायत उपसमिति गठन गरी विश्वव्यापी रुपमा आफ्नो सञ्जाललाई कोरोना पीडितका लागि राहत वितरण गर्न परिचालन गरेको संघका महासचिव डा. हेमराज शर्माले जानकारी दिए ।

डा. शर्माका अनुसार कोरोना पीडितका लागि राहत वितरण गर्न ४९ देशमा दुई हजारभन्दा बढी स्वयंसेवक खटाइएको छ । संस्थाले शनिबार साँझसम्म ४० हजाभन्दा बढी गैरआवासीय नेपालीलाई राहत वितरण गरेको छ भने संस्थाबाट ६२ हजारभन्दा बढीले परामर्श सेवा प्राप्त गरेका छन् । संस्थाले स्थापना गरेको कोरोना पीडित राहत कोषमा विभिन्न राष्ट्रिय समितिबाट रु. आठ करोड संकलन गरिएको संस्थाका कोषाध्यक्ष महेश श्रेष्ठले जानकारी दिए संस्थाले यसअघि १० देशका नेपालीलाई राहतस्वरुप आर्थिक सहयोग गरेको थियो ।

## विश्वभर ३ लाख ४४ हजारको मृत्यु

**जेनेभा, जेठ ११।** कोरोनाभाइरसका कारण विश्वभर ३ लाख ४४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ५४ लाख नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार आइतबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ९९ हजार नयाँ संक्रमित भेटिएका छन् । विगत २४ घण्टामा विश्वभर ४ हजार १८३ जनाको ज्यान गएको छ । प्राप्त समाचार अनुसार विश्वभर करिब ५३ हजार २६९ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २७ लाख ६२ हजारको स्वास्थ्य अवस्था सामान्य वा मध्यम छ ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । पछिल्लो विवरण अनुसार बेलायतमा ३६ हजार ६७५को कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ । संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ । पछिल्लो २४ घण्टामा अमेरिकामा एक हजार ३६ व्यक्तिको मृत्यु भएको छ । योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९८ हजार ६८३ पुगेको छ ।

कोरोनाभाइरसबाट सर्वाधिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्स लगायतका मुलुकमा मृतकको संख्या ३० हजारको हाराहारीमा छ । हालसम्म इटालीमा ३२ हजार ७३५, फ्रान्समा २८ हजार ३३२, स्पेनमा २८ हजार ६७८, बेल्जियममा ९ हजार २३७, जर्मनीमा ८ हजार ३६६ र नेदरल्यान्ड्मा ५ हजार ८११ जनाको मृत्यु भएको छ । दक्षिण अमेरिकी देशहरुमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा २२ हजार १६५ जनाको मृत्यु भएको छ ।

## भारतमा ३७२० जनाको मृत्यु

**नयाँदिल्ली, जेठ ११।** भारतमा कोरोनाभाइरसका कारण शनिबार एकैदिन अहिलेसम्मकै दोस्रो धेरै सङ्क्रमित भेटिएका छन् ।

पछिल्लो २४ घण्टामा छ हजार ६५४ जना नयाँ सङ्क्रमित पुष्टि भएको अधिकारीहरुले जानकारी दिएका छन् । योसँगै भारतमा कुल सङ्क्रमितको संख्या एक लाख २५ हजारभन्दा बढी भएको छ । त्यसैगरी भारतमा कोरोनाका कारण अहिलेसम्म तीन हजार ७२० जनाको मृत्यु भएको छ । तीमध्ये १३७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । केन्द्रीय स्वास्थ्य तथा परिवारकल्याण मन्त्रालयले देशभर अहिले पनि सङ्क्रमित अवस्थामा रहेकाहरुको संख्या ६९ हजार ५९७ रहेको जनाएको छ । मन्त्रालयका अनुसार अरु ५१ हजार ७८३ जना सङ्क्रमित निको भएर घर फर्किसकेका छन् । मन्त्रालयका अधिकारीहरुले कुल सङ्क्रमितमध्ये ४१.३९ प्रतिशत निको भएको जानकारी दिएका छन् ।

देशभरी पछिल्लो २४ घण्टामा कोरोनाका कारण मृत्यु भएका १३७ जना मध्ये सबैभन्दा धेरै महाराष्ट्रका ६३ जनाको मृत्यु भएको छ । त्यसैगरी गुजरातमा २९ जना, दिल्ली र उत्तरप्रदेशमा १४, १४ जना, पश्चिम बंगालमा छ जना, तमिलनाडुमा चार जना, राजस्थान, मध्य प्रदेश र आन्ध्र प्रदेशमा दुई दुई जनाको मृत्यु भएको छ भने हरियाणामा एक जनाको मृत्यु भएको छ । देशभरी कोरोनाका कारण मृत्यु भएका कूल तीन हजार ७२० जनामध्ये सबैभन्दा धेरै महाराष्ट्रमा एक हजार ५१७ जना रहेका छन् । त्यसैगरी गुजरातमा ८०२, मध्य प्रदेशमा २७२, पश्चिम बंगालमा २६५ जना र दिल्ली प्रदेशमा २०८ जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरुले जनाएका छन् ।

त्यसैगरी राजस्थानमा १५३ जना, उत्तर प्रदेशमा १५२ जना, तमिलनाडुमा ९८ जना र आन्ध्र प्रदेशमा ५५ जना भएका छन् ।

# भारतबाट आउने नेपालीका कारण मेचीनगर नगरपालिका उच्च जोखिममा

**काँकरभिट्टा, जेठ १०।** भारतबाट आउने नेपालीका कारण मेचीनगर नगरपालिका उच्च जोखिममा रहेको भन्दै आवश्यक सामग्रीका साथ व्यवस्थित तयारी गरिदिन मेचीनगरपालिकाले प्रदेश सरकारसँग आग्रह गरेको छ।

नोवल कोरोना भाइररसको संक्रमण रोकथामका लागि सरकारले घोष्णा गरेको लकडाउनका कारण नेपाल भारतसीमाक्षेत्रमा अलपत्र नेपाली धमाधम काँकरभिट्टा नाका भएर नेपाल आउन थालेका छन्। काँकरभिट्टा नाकाबाट ४ दिनमै एक हजार नेपालीहरु नेपाल भित्रिसकेका छन्।

शुक्रबार भित्रिएकामध्ये ६ महिलासहित १५ जनाको आरडीटी टेष्टमा पोजेटिभ आएको छ। नगरमा व्यवस्थित क्वारेन्टाइन नभएकाले पीसीआर लगायतका परीक्षणका लागि मेची बहुमुखी क्याम्पस भद्रपुर र यसअघि पनि केही नेपालीहरुलाई दमकको क्वारेन्टाइनमा पठाइएको नगरपालिकाले जनाएको छ। भारतबाट नेपालीहरु आउने क्रम जारी छ। शनिवार मात्रै पनि मेचीपुलमा १५० भन्दाबढी नेपालीहरु आएर बसेको नगरपालिकाले जनाएको छ।

नगरररपालिकाले पत्रकार सम्मेलन गरी यस्तो जानकारी दिएको हो। नगरपालिकाका प्रमुख बिमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेतीले पत्रकार सम्मेलनमा यस्तो आग्रह गरे। कार्यक्रममा नगरप्रमुख आचार्यले नोवल कोरोना भाइरसको संक्रमण फैलिन नदिन र नेपाल भारतसीमामा अलपत्र अवस्थामा रहेका नेपालीहरुको व्यवस्थापनमा नगरपालिका शुरुदेखि नै लागीपरेको बताए।

मेचीनगरवासीलाई यो संक्रमणबाट बचाउनु स्थानीय सरकारको मुख्य दायित्व भएको भन्दै उनले आफ्ना नगरवासीलाई भोग र रोगबाट कुनै हालतले पनि मृत्युवरण गर्न नदिनका लागि सधैं नगरवासीसँगै स्थानीय सरकार रहने बताए।

मेचीनगरलाई कोरोनामुक्त बनाउनका लागि स्थानीय सरकारले गरिरहेको गतिविधिमा सवैको साथ सहयोगको आवश्यकता रहेको भन्दै उनले जनतामा भ्रम फैलिने खालको सूचना सम्प्रेषण गर्न नहुने बताए। सामाजिक सञ्जालमार्फत जनतालाई थर्काउने, स्थानीय सरकारलाई ठेस् पुर्‍याउने र नागरिकको मनोबल कमजोर पार्ने गतिविधि बढेको भन्दै उनले उपलब्ध स्रोत र साधनको उपयोग गरी नगरलाई सुरक्षित राख्न कुनै कसर बाँकी नराखिने प्रतिबद्धता जनाए।

उनले नगरवासीमा त्रास उत्पन्न गराउने अभिव्यक्ति पोष्ट नगर्न समेत सबैमा अपिल गरे। कोरोना नियन्त्रणका लागि नगरले अघि सारेका कार्यशैलीप्रति शंका र टिप्पणी नगर्न नगरवासीमा अनुरोध गर्दै नगरप्रमुख आचार्यले नगरपालिका व्यक्ति नभई संस्था भएकाले यसको गरिमा र प्रतिष्ठामा आँच आउने काम कसैले गर्न नहुने धारणा व्यक्त गरे।

मेचीनगरको भूमिमा पाइला टेक्ने नेपाली नागरिकको जिम्मेवारी लिन नगरपालिका तयार रहेको र हरेक जिल्लाका नागरिकलाई संरक्षण गर्ने दायित्व स्थानीय सरकारको पनि भएको भन्दै उनले जिल्लामा बैठक बसेर मात्र नहुने नाकामा अविलम्ब हेल्पडेक्स स्थापना गर्नुपर्ने बताए। पश्चिम बंगालका विभिन्न क्वारेन्टाइनहरुमा नेपालीहरु अव्यवस्थित रुपमा बस्नुपरेको चर्चा गर्दै नगरप्रमुख आचार्यले आफ्नो देश फर्कन पाउनुपर्ने हरेक नागरिकको अधिकार भएपनि ल्याउन र व्यवस्थापन गर्न चुनौतिपूर्ण बनेको बताए। भारत लगायत तेस्रो मुलुकबाट नेपाल आउने नेपालीहरुप्रति हेर्ने दृष्टिकोण फरक पाइएको भन्दै उनले अहिलेको समय उत्तेजित नभएर सचेत हुने भएको पनि बताए। कोरोनाविरुद्धको लडाईमा नगरबासी तथा सञ्चारकर्मीहरु एकजुट भएर अघि बढ्न नगरप्रमुख आचार्यले अनुरोध गरे।

त्यस्तै उपप्रमुख मीना पोखरेल उप्रेतीले नराम्रो कामको आलोचना गरिरहदा राम्रो कामको पनि प्रशंसा गर्न आवश्यक रहेको बताइन्। उनले नोवल कोरोना भाइरसको संक्रमण शुरु भए लगत्तै मेचीनगर नगरपालिकाले नाका विभिन्न संघ-संस्था, उद्योगी व्यवसायी राजनीतिक दललगायतको सहयोग र समन्वयमा जिल्लामै नोवल कोरोना भाइरस परामर्श सहायत कक्षको स्थापना गरी यसको संक्रमण रोकथमका लागि विभिन्न काम गरेको जानकारी गराइन्। शुरुमा तापक्रम नाप्ने काम गरेको भए पनि अहिले शंकाष्पद व्यक्तिको आरडीटी आवश्यक परे पीसीआरसम्मको परीक्षणको व्यवस्था मिलाइएको उपप्रमुख उप्रेतीको भनाइ छ।

झापाका १५ वटा पालिकामध्ये जनसंख्या र भौगोलिक दृष्टिकोणले मेचीनगर नगरपालिका ठूलो भएको भाारतको पश्चिम बंगाल राज्यसँग प्रत्यक्ष सीमा जोडिएकाले निक्कै चुनौतिको साथ अघि बढ्नु परेको भए पनि यसलाई अवसरका रुपमा लिएर नगरवासीको हितका लागि भोग र रोगले मृत्युवरण गर्नु नपरोस् भनेर अहोरात्र नगरवासीकै पक्षमा सक्रिय रहेको उपप्रमुख मीना पोखरेल उप्रेतीले जानकारी दिइन्।

नगरपालिकाले शुरुमा आदर्श मावि, धाइजनको स्वास्थ्य केन्द्र, पशुपति मावि, सरस्वती माविमा क्वारेण्टिनको व्यवस्था गरेको भए पनि पछिल्लो नगरका १५ वटै वडामा क्वारेन्टिनको व्यवस्था मिलाएको पनि उनले बताइन्। नेपाल भारतसीमा क्षेत्रमा आएर अलपत्र पररेर बसेका नेपालीहरुलाई स्वदेश फर्काएर सुरक्षित व्यवस्थापनका लागि होम क्वारेन्टाइन भन्दा पनि प्रत्येक वडाहरुमा क्वारेण्टिनको व्यवस्था मिलाइएको उपप्रमुख उप्रेतीको भनाइ छ। नगरवासीलाई यो संक्रमणबाट बचाउनकै लागि रातदिन आफुहरु सक्रियपूर्वक लागी परिरहेको उनले बताइन्।

मेचीनगर बाहिरका नागरिकका लागि सम्बन्धित जिल्ला र स्थानीय तहहरुको समन्वयमा आ आफ्नो घरर पठाइने तयारी नगरले गरेको र मेचीनगरभित्रका नागरिकहरुलाई क्वारेन्टिनमा राखेरै स्वास्थ्य परीक्षण गरी घर पठाउने योजना नगरपालिकाको छ। उनले नगरपालिकामा सेवाग्राहीको भीडलाई व्यवस्थित गर्न प्रत्येक दिन ३ वटा वडाको काम कारवाही गर्ने गरी कार्यतालिका बनाइएको छ। उपप्रमुख उप्रेतीका अनुसार सोमबार वडानम्बर १, २ र १५ मंगलबार ३,४ र १४, बुधबार ५, ६ र १३, विहीबार ७, ८ र १२ तथा शुक्रबार ९, १० र ११ नम्बर वडाको काम हुने तालिका सार्वजनिक गरिएको छ। उनले नेपाल-भारतको सीमा नाकाबाट काँकरभिट्टा आउने अलपत्र नेपालीहरुका कारण नगरबासी उच्च जोखिममा रहेकाले कोरोना जाँच्ने अत्यावश्यक स्वास्थ्य सामग्री, क्वारेन्टाइनसहित गाडीको व्यवस्था गरिदिन एक नम्बर प्रदेश सरकार र कोरोना रोकथाम तथा समन्वय समिति झापालाई आग्रह गरिन्।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटा, उपाध्यक्ष एकराज गिरी, पूर्वअध्यक्ष कृष्ण हुमागाई, पूर्व केन्द्रीय सदस्य मोहन काजी, मेचीनगरका प्रेस सल्लाहकार लक्ष्मी उप्रेती, मुक्ति पौडेल, सुरेन्द्र भण्डारी लगायतले धारणा राखेका थिए।

# कचनकवलमा भीटीएम किट अभाव

**पार्थ मण्डल**

**भद्रपुर, जेठ ११।** जिल्लामै सबैभन्दा बढी ३३ जना कोरोना भाइरसको संक्रमण पुष्टि भएको दक्षिणी झापाको कचनकवलमा थप स्वाब सङ्कलन कार्य तीन दिनदेखि बन्द छ।

स्वाब सङ्कलन गर्ने भीटीएम किट जिल्लामै अभाव भएपछि कचनकवलका क्वारेन्टाइनमा बसेका १३३ जनाको पीसीआर परीक्षणमा ढिलाइ भएको हो।

जिल्लामै भीटीएम किट अभाव भएपछि भारतबाट फर्किएका गाउँवासीको स्वाब परीक्षणका लागि गाउँपालिकाले ५ सय भीटीएम किट खरिद गरेको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए। 'जिल्लामै भीटीएम किट अभाव भएपछि क्वारेन्टाइनमा बसेकाहरूको स्वाब सङ्कलन कार्यले तीव्रता पाउन सकेन'- अध्यक्ष आलमले भने- जिल्लासँग माग्दा छैन भन्छन्, सरकारले कहिले किट पठाउँछन् पर्खिएर बस्नुभन्दा पनि गाउँपालिका आफैले एक हजार किट खरिद गर्ने निर्णय गर्‍यो। तर, पाँच सय किट मात्र खरिद गर्न पाइयो।'

कोरोना सङ्क्रमित बढेको झापामै प्रदेश तथा संघीय सरकारले भीटीएम किट पठाउन नसक्दा यसले थप समस्या पारेको बताउँदै उनले भने- 'सरकारले तत्काल भीटीएम किट जिल्लाका स्थानीय तहहरूमा पठाइदिनुपर्‍यो।'

गाउँपालिकाले आफ्नै बजेटबाट किट खरिद गरेकोले आइतबारदेखि थप स्वाब सङ्कलन शुरु गरिने उनले बताए। उनका अनुसार केचनाको महेन्द्र रत्न माविको क्वारेनटाइनमा ९८ र पाठामारीको जानकी आधारभूत विद्यालयको क्वारेन्टाइनमा ३५ गरी १३३ जनाको स्वाब सङ्कलन गरिन्छ। उनीहरू सबै भारतको मुम्बई, दिल्ली लगायतका संक्रमति राज्यबाट आएका हुन्। अहिलेसम्म क्वारेन्टाइनमा बसेका १०५ जनाको स्वाब सङ्कलन गर्नुका साथै पीसीआर रिपोर्ट पनि आइसकेको छ। त्यसमध्ये ३३ जनाको पोजेटिभ र अरू सबैको रिपोर्ट नेगेटिभ आएको छ। 'भारतबाट गाउँका युवाहरू फर्किने क्रममा रहेको छ'- उनले भने- 'भारतको तामिलनाडुबाट ७० जनाको टोली गाउँ आइरहेको जानकारी प्राप्त भएको छ, त्यसका लागि थप क्वारेन्टाइन बनाउने काम भइसकेको छ।'

**आतंकित नहुन गाउँवासीलाई गाउँपालिकाको आग्रह**

भारतका विभिन्न राज्यमा रोजगारीका लागि गएका कचनकवलबासी अहिले धमाधम गाउँघर फर्किरहेका छन्। कोरोना त्रासपछि भारतमा रेल लगायतका यातायातका सवारीसाधन खुलेपछि उनीहरू स्वदेश फर्किन थालेका हुन्। भारतमा अलपत्र परेपछि उनीहरू समूह बनाएर घर आउन थालेका छन्।

भारतबाट गाउँ फर्किएका उनीहरूलाई गाउँपालिकासहित स्थानीय प्रहरी, प्रशासनले नियन्त्रण लिएर सोझै क्वारेन्टाइनमा लगेर राख्न थालेका छन्। जसले गर्दा समाजमा कोरोना फैलिन पाएन। गाउँपालिकामा शनिवारदेखि शनिवारसम्ममा २३८ जना आइसकेका छन्। उनीहरूलाई गाउँपालिकाको विभिन्न क्वारेन्टाइनमा लगेर राखिएको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए। 'भारतबाट आएका गाउँवासीमा कोरोना भाइरस देखिएपछि अहिले गाउँवासीमा त्राससँगै आतङ्क छाएको होला'- अध्यक्ष आलम भन्छन्- 'तर गाउँवासीलाई त्राससँगै डराउनुपर्ने अवस्था छैन। भारतबाट अहिलेसम्म फर्किएका सबैलाई क्वारेन्टाइनमा लगेर सुरक्षित रूपमा राखेका छौं। उनीहरूलाई आफन्तसँगै छरछिमेकमा घुलमिल हुन दिएका छैनौं। त्यसैले आतङ्कित बन्ने काम छैन।

यस्तो बेलामा गाउँवासीले धैर्यतासँगै स्थानीय सरकार, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने हुन्छ।' हामी कोरोना रोकथामका लागि विभिन्न योजना बनाएर अघि बढिरहेको बताउँदै उनले भने- 'भारतबाट आउनेमाथि निगरानी बढाएका छौं, आउने जति कोही पनि गाउँ प्रवेश गर्न पाउने छैन।' कोरोना सङ्क्रमित देखा परेसँगै बुधवारदेखि नै ६ दिनका लागि गाउँपालिका शिल गरिएको छ।

## लागूऔषधसहित तीन जना पक्राउ

**सुनसरी, जेठ ११।** सुनसरीको धरान उपमहानगरपालिका-१३ बाट नियन्त्रित लागूऔषध ब्राउनसुगर र लागूऔषध ट्याब्लेटसहित ३ जना परेका छन्।

धरान-१३ को एक घरबाट लागूऔषध बेचबिखन भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१३की २६ बर्षीया समिया लिम्बू, धरान-१३कै २९ बर्षीय मन्दिप मगर र धरान-१५का ४३ बर्षीय घनश्याम राईलाई ३ ग्राम ब्राउनसुगर र १५० ट्याबलेट नाइट्रोजन तथा ८३ हजार नगद सहित पक्राउ गरेको हो। पक्राउ परेका तिनै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

## जंगली च्याउ खाएर बिरामी

**संखुवासभा, जेठ ११।** संखुवासभाको खाँदवारी नगरपालिका-२ खोरियाटोल बस्ने ७२ बर्षीया बृद्धा जंगली च्याउ खाएर बिरामी भएकी छन्।

आफ्नै बारीमा उम्रिएको च्याउ पकाएर खाँदा ७२ बर्षीया निर माया बिक बिरामी भएकी हुन्। बिरामी भएकी बिकको जिल्ला अस्पताल खाँदवारीमा उपचार भइरहेको छ।

## शिक्षक तथा कर्मचारीहरु डिजिटल आन्दोलनमा

**झापा, जेठ ११।** मुलुकभरका शिक्षक तथा विद्यालय कर्मचारीले डिजिटल आन्दोलन शुरु गरेका छन्।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन केन्द्रीय समितिको आयोजनामा आन्दोलन शुरु भएको हो। संघीय सरकारले यही जेठ १५ गतेको ल्याउँदै गरेको आगामी आर्थिक वर्ष २०७७/०७८को बजेट तथा कार्यक्रम अन्तर्गत शिक्षा क्षेत्रमा २० प्रतिशत बजेट विनियोजन तथा संघीय शिक्षा ऐन जारी गर्न दबाब दिन आन्दोलन शुरु गरिएको सङ्गठनका केन्द्रीय अध्यक्ष शङ्कर अधिकारीले जानकारी दिए।

लकडाउनको अवधिमा भेला हुन नमिल्ने भएकाले प्रविधिको सहयोग लिएर सामाजिक सञ्जालबाट संघीय सरकारलाई शिक्षकका मामलामा गम्भीर बनाउन डिजिटल आन्दोलन शुरु गरिएको उनले बताए।

मुलुकमा ३६ हजार बाल विकासका शिक्षक र ३२ हजार विद्यालय कर्मचारी अहिले पनि न्यून परिश्रममा बाँच्न बाध्य छन्- अध्यक्ष अधिकारीले भने- यो सरासर अन्याय हो। श्रम ऐनले तोकेबमोजिम राज्यले उनीहरुलाई तलबभत्ता र दरबन्दीको सिर्जना गरी स्थायी प्रक्रियामा लग्नुपर्दछ। त्यस्तै द्वन्द्वपीडित शिक्षकका समस्या समाधान, उपचारका लागि अस्पताल स्थापना, सामुदायिक विद्यालयको निजी स्रोत तथा निजी विद्यालयका कार्यरत शिक्षक कर्मचारीको सामाजिक सुरक्षा कोष, स्थायी शिक्षकको अस्थायी सेवा अवधि गणनाका लागि सरकारलाई सामाजिक सञ्जालमार्फत अनुरोध गर्ने अध्यक्ष अधिकारीले बताए।

डजिटल आन्दोलनका क्रममा उच्चस्तरीय दरबन्दी मिलान तथा पुनः व्यवस्थापन सुझाव कार्यदलको सिफारिस अनुसार राहत, अनुदान, साविक उच्च मावि र प्राविधिक धारमा कार्यरत शिक्षकको दरबन्दी व्यवस्थापन गरी स्थायी गर्नेदेखि शहीद स्मृति आवसीय विद्यालयमा कार्यरत शिक्षक कर्मचारी, सामुदायिक विद्यालयमा कार्यरत सिकाइ अनुदान र स्वयंसेवक शिक्षकलाई दरबन्दीमा रुपान्तरण गर्नुपर्नेलगायत मागहरु सरकारको आगामी बजेट तथा कार्यक्रममा समवेश गराउन प्रविधिमार्फत सरकारलाई दबाब दिने सङ्गठनले जनाएको छ।

## क्वारेन्टिनमै मदिरा पुर्‍याउँदा ...

**चितवन, जेठ ११।** क्वारेन्टिनमा बसेका आफन्तलाई घरेलु मदिरा पुर्‍याउनेलाई स्थानीय प्रशासनले रु. पाँच हजार जरिवाना गराएको छ।

राप्ति नगरपालिका वडा नं ३ का २५ वर्षीय कुमार थपलियालाई सो जरिवाना गराएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ईश्वर सिंखडाले जानकारी दिए। उनका अनुसार थपलियाले बुद्धशान्ति माविमा रहेको क्वारेन्टिनमा रहेका आफन्तलाई घरेलु मदिरा पुर्‍याउन जाने क्रममा थपलियालाई गत वैशाख ८ गते प्रहरीले नियन्त्रणमा लिएर प्रशासनमा बुझाएको थियो।

प्रशासनले उनीसँगको बयानपछि जरिवाना तोक्दै अबदेखि यस्तो नगर्न सचेत गराएर छाडेको छ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**
**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। प्रतिस्पर्धीहरू पछि पर्नेछन्। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विशेष फाइदा उठाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। बुद्धिले काम लिंदा चिताएको योजना कार्यान्वयनमा आउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। गोपनीयतामा ध्यान पुर्‍याउँदै शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मिहिनेत गर्दा पछिका लागि फाइदा लिन सकिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। मिहिनेतले नाम र दाम दिलाउनेछ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। छरछिमेकमा असमझदारी बढ्ने देखिएकाले होशियारीसाथ काम लिनुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला। आनन्द लिने समय छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। परिवेश खर्चिलो देखिए पनि सत्कार्यमा खर्च गरिनेछ। अरूलाई दिएर आनन्द लिने समय छ।